# अस्थाई/करार कर्मचारी कल्याण बचत कोष ऐन-२०७६

**छैठौ नगर सभावाट स्वीकृत मिति :- २०७६ पौष २२**

**प्रस्तावनाः** कमलमाई नगरपालिकामा कार्यरत अस्थाई तथा करारका कर्मचारीहरुको कार्य सम्पादन मा प्रभावकारीता ल्याउदै सेवावाट अवकाश हुँदाको बखत समेत सुखमय अनुभुति होस भन्ने भावनाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) वमोजिम कमलामाई नगरपालिकावाट यो ऐन स्वीकृत गरी जारी गरिएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ** : यस ऐनको नाम अस्थाई/करार कर्मचारी कल्याण बचत कोष -२०७६ रहेको छ ।

२. यो ऐन, २०७६ माघ १ गते देखी लागू हुने छ ।

**२. परिभाषा :-** विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा ।

क) ऐन : भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई बुझाउने छ ।

ख) नगरपालिका : भन्नाले कमलामाई नगरपालिकालाई जनाउने छ ।

ग) कार्यपालिका : भन्नाले कमलामाई नगरपालिकाको नगरकार्यपालिका लाई जनाउने छ ।

घ) प्रमुख : भन्नाले कमलामाई नगरपालिकाको नगर प्रमुखलाई जनाउने छ ।

ङ) प्रमुख प्रशासकिय अधिकृत : भन्नाले नगरपालिका को प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

च) कर्मचारी भन्नाले नगरपालिकामा अस्थाई वा करारमा कार्यरत कर्मचारीलाई जनाउछ ।

छ) अस्थाई कर्मचारी : भन्नाले नगरपालिकामा साविक देखि कार्य गरि रहेको वा समायोजनका क्रममा अन्य निकायबाट सरुवा भई आएका अस्थाई कर्मचारीलाई जनाउनेछ ।

ज) करार कर्मचारीः भन्नाले नगरपालिकासंग करार सम्झौता गरी नगरपालिकाको कोष बाट तलब भुक्तानी हुने गरी नगरपालिकाबाट काम काजमा लगाएका कर्मचारी सम्झनु पर्दछ ।

झ) बचत कोष : भन्नाले नगरपालिकाले यस ऐनको दफा (३) को प्रयोजनको लागि राखेको कोषलाई सम्झनु पर्छ ।

**३. कोषको व्यवस्था :-** यस ऐनको कार्यान्वयनका लागि नगरपालिकाबाट राष्ट्रिय स्तरको वाणिज्य वैकमा “अस्थायी तथा करार कर्मचारी कल्याण वचत कोष”का नाममा एउटा छुट्टै खाता खोलिनेछ ।

**४. उक्त खातामा देहाय बमोजिमको रकम जम्मा गरिन्छ ।**

क) अस्थाई / करारमा कार्यरत कर्मचारीको मासिक तलबबाट कट्टा गरिएको रकम

ख) वुदा नं ४ को 'क' अनुसार कट्टा गरिएको बरावर नगरपालिका बाट थप भएको रकम

ग) संघीय सरकार वा प्रदेश सरकार वा अन्य निकायबाट समय, समयमा प्राप्त रकम

घ) बैक बाट प्राप्त ब्याजको रकम

ङ) नगरपालिका बाट थप रकम

३. कोषको संचालन प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तर कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको सयुक्त दस्तखत बाट हुनेछ ।

**५) कोषमा रकम जम्मा गर्ने** : (१) कोषमा रकम जम्मा गर्दा सम्बन्धित कर्मचारीको स्वेच्छाले मात्र जम्मा हुनेछ । कुनै कर्मचारीको मन्जुरीले मात्र निजको तलब को अंश कट्टा गरिनेछ तर एक पटक मन्जुरी दिई सकेपछि सेवाबाट वाहिर नहुन्जेल सम्म उक्त मन्जुरी फिर्ता लिन पाइने छैन ।

(२) उप दफा (१) बमोजिम मन्जुरी दिने कर्मचारीको हकमा निजको मासिक तलबको ५% ले रकम कट्टा गरीने छ र सोही ५% वरावरको रकम नगरपालिका बाट थप गरी उक्त कोषमा जम्मा गरिने छ । तर रकम कट्टा गर्न मन्जुरी नदिने कर्मचारीहरुका हकमा नगरपालिका बाट थप हुने रकम प्रदान गरिने छैन ।

**६) कोषको रकम खर्च गर्ने** : (१) यस ऐन वमोजिम जम्मा गरिएको रकम निज कर्मचारीको अवकास भएका बखत व निजले स्वइच्छिक जागिर छाडेमा निजलाई नगद फिर्ता गर्ने कार्य वाहेक अन्यन्त्र खर्च गर्न पाइने छैन ।

(२) नगरपालिकामा कार्यरत अस्थाई वा करारका कर्मचारीहरु कुनै कारणले सेवाबाट अवकास भएमा उक्त कोषमा निजको योगदानको अंश र सो बरावरको नगरपालिकावाट थप भएको रकम वैकवाट प्राप्त व्याज समेत एकमुष्ट रुपमा रकम उपलब्ध गराइने छ । तर निजले नगरपालिकालाई तिर्नु पर्ने दायित्वको कुनै रकम रहेछ भने सो कट्टा गरेर बाँकी रकम मात्र उपलब्ध गराइनेछ ।

(३) उपदफा (२) बमोजिम कर्मचारीले प्राप्त गर्ने रकममा व्याज तथा प्रोत्साहन स्वरुप दफा (६) बमोजिम गठित निर्देशक समितिको निर्णय अनुसार केही रकम थप गरी दिइन सक्नेछ । तर यसरी थप रकम दिदा निजले प्राप्त गर्ने रकमको २५% मा नवद्ने गरी र कर्मचारीहरुबाट योगदान स्वरुप जम्मा भएको रकम को कुल अनुपातमा नघट्ने गरी दिनु पर्नेछ ।

दृष्टव्य : यस दफाको प्रयोजनाका लागि कर्मचारीहरुलाई योगदान स्वरुप जम्मा भएको रकमको कुल अनुपात भन्नाले कर्मचारीको तलब वाट कट्टि रकम र सो वरावर नगरपालिकावाट थप भएको

र दफा ४ (ग) (घ) (ङ) वमोजिम  जम्मा हुन आएको रकम समेत को रकमलाई जनाउने छ। जस्तै : २० जना वाट रकम जम्मा भएको अवस्थामा १ जना अवकास भएमा १९ जनावाट जम्मा भएको रकममा घट्ने गरी १ जनालाई थप भुक्तानी दिन पाईने छैन ।

**७) निर्देशक समिति** : (१) दफा ७ को उपदफा ३ लगायत विविध विषयमा आवस्यक निर्देशन एवंम समन्वय गर्न देहाय बमोजिमको एक निर्देशन समिति रहनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| नगर – उपप्रमुख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| कार्यपालिका ले ताकेको कार्यपालिका सदस्य एकजना | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| कर्मचारी प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

(२) उक्त समितिले आवश्यकता अनुसार विभिन्न व्यक्तिलाई आमन्त्रित सदस्यको बोलाउन सक्नेछ ।

(३) निर्देशक समितिले दफा ५ (३) अनुसार कर्मचारीलाई प्रदान गरिने व्याज तथा अन्तरिक्त सुविधा को सम्बन्ध मा निर्णय गर्नेछ ।

(४) कार्य सम्पादनमा कुनै समस्या देखीएमा निर्देशक समितिको निर्णयनुसार गर्नु पर्नेछ ।

(५) निर्देशक समितिका पदाधिकारीलाई वैठक भत्ता लगायतको खर्च नगरपालिकाले नियमनुसार उपलब्ध गराउने छ ।

**(८) विविध** :

१. यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका एंवम मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।